DOI: https://doi.org/10.3126/cognition.v7i1.74793

# पूर्वीय साहित्यमा रसवाद चिन्तन र उत्पत्ति

डा. ओमप्रकाश आचार्य[१]

***लेखसार***

*रसवाद पूर्वीय साहित्यशास्त्रको सर्वाधिक चर्चित र आकर्षक साहित्यिकवाद हो । रसशास्त्रअनुसार रस आस्वाद्यपन हो । रससिद्धान्तका प्रवर्तक आदिआचार्य भरतमुनि हुन् । रसवादमा के कस्ता चिन्तन देखिएका छन् ? नेपाली साहित्यमा रस प्रयोग कसरी हुँदै आएको छ ? भन्ने जिज्ञासा एवम् अनुसन्धेय प्रश्नमा आधारित आधारित हुँदै अध्ययनको मूल समस्या रसवादको चिन्तन र प्रयोगसँग सम्बन्धित भएकाले यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य रसवादको चिन्तन र प्रयोगको अध्ययन गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू रसवादमा देखिएका चिन्तनको विश्लेषण गर्नु, नेपाली साहित्यमा रस प्रयोगको अध्ययन गर्नु हो । पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको यस अध्ययनमा नेपाली साहित्यका साहित्यिक विधा र गीतलाई उद्देश्यमूलक ढङ्गबाट नमुनाको छनोट गरिएको छ । यस अध्ययनमा रससिद्धान्त, रससामग्री, रससूत्र, रसप्रकार र रसप्रयोगका सम्बन्धमा विश्लेषण गरिएको छ । यस अध्ययनको व्याख्या विश्लेषण प्रक्रिया वर्णनात्मक र विश्लेषणात्मक रहेको छ । रसवादसम्बन्धी उत्पन्न चिन्तनमा रससामग्री विभाव हुन्छ । यसमा आलम्बन विभाव र उद्दीपन विभाव हुने गर्दछ । अनुभाव, व्यभिचारी र स्थायी भाव रसभाव हुन् । यिनै स्थायी भावका आधारमा नवरस देखापर्ने गर्दछन् । शृङ्गार रस पहिलो रस हो । यो संयोग र वियोग वा विप्रलम्भ शृङ्गारमा विभाजन हुन्छ । हास्य, वीर, करुण, रौद्र, भयानक, बीभत्स, अद्‌भूत र शान्त रस रसप्रकार हुन् । रसउत्पत्तिका उत्पत्ति, अनुमिति, भुक्ति, अभिव्यक्तिवाद बहुचर्चित रससूत्र हुन् । नेपाली साहित्यका कविता र नाटक विधामा नवरसको प्रयोग हुनुका साथै शृङ्गार, वीर, हास्य र शान्तरसको बढी प्रयोग भएको छ । राष्ट्रिय गीतमा वीर र शान्त रस प्रयोग भएको छ । आधुनिक गीतमा नवरससँगै शृङ्गार, करुण, शान्त रसको प्रयोग हुने गरेको छ । लोकदोहोरी गीतमा समेत नवरसको प्रयोग हुनुका साथै शृङ्गार, करुण र शान्त रस बढी प्र्योग हुने गरेको छ । यस लेखका माध्यमबाट रसचिन्तन र नेपाली साहित्यमा रसप्रयोगको स्थितिका सम्बन्धमा ज्ञान प्राप्त हुने भएकाले साहित्यमा रसका बारेमा अध्ययन गर्न, अनुसन्धान गर्न चाहनेका लागि यो लेख महत्त्वपूर्ण हुनेछ ।*

**शब्दकुञ्जी** : विभाव, अनुभाव, व्यभिचारी भाव, रससूत्र, आरोपवाद, अनुमितिवाद ।

## विषयपरिचय

रस दर्शनशास्त्रमा पदार्थको गुण, आयुर्वेदमा अनिवार्य गुण मानिन्छ । साहित्यले रसलाई आनन्दको पयार्यवाची शब्दको रूपमा लिइएको हो (अधिकारी, २०५६, पृ. २७) । साहित्यमा रसिलोपन आस्वाद्य, आनन्ददायी भावलाई रस भनिन्छ । पूर्वीय साहित्यको बढी प्रयोग भएको पाइन्छ । साहित्यमा रसलाई सर्वप्रथम व्याख्या

१. उपप्राध्यापक, जुम्ला बहुमुखी क्याम्पस, त्रि. वि., omacharya3851@gmail.com

Received on Oct. 20, 2024 Accepted on Dec. 10, 2024 Published on Jan. 31, 2025

गर्ने पूर्वीय विद्वान भरतमुनि हुन् । उनले नाट्यशास्त्रमा रसोत्पत्तिको चर्चा गरेका छन् । साहित्यशास्त्रीय रूपमा रस विषयलाई विवेचन गर्ने पहिला आचार्य भरतको चर्चा गरिएको छ (अधिकारी, २०५६, पृ. २७) । भरतमुनिभन्दा पूर्ववत् साहित्यमा रसका बारेमा चर्चा पाइँदैन तर उत्तरवर्ती रूपमा रसव्याख्याका क्रमा जगन्नाथ, विश्वनाथ, आनन्दवर्धन, अभिनवगुप्त साहित्यशास्त्रीहरू देखापरेका छन् । साहित्यिक रसले आनन्दित बन्नुपर्छ भन्ने धारणामा पूर्वीय साहित्यशास्त्रीको एकमत देखिन्छ । शब्द र अर्थद्वारा अभिव्यक्त भई आस्वादनको विषय बन्ने व्यङ्ग्यार्थमय आहलाद विशेष नै रस हो (भण्डारी र पौडेल, २०६५, पृ. १८) । पूर्वीय साहित्यमा रसलाई सार्वभौम र शाश्वत तत्त्व मानिएको छ । काव्यमा प्रयुक्त शब्दले प्रदान गर्ने अर्थसँग रसजोडिएको छ । पाश्चात्य साहित्यशास्त्री लङ्गिनस, ड्राइडन, हड्सनले समेत रसको व्याख्या गरेका छन् । कलरिजको कल्पना सिद्धान्त, रिचर्डको सम्प्रेषण सिद्धान्त, रसवादी सिद्धान्त मेल खान्छ । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा रसको व्याख्या छ । साहित्यमा रस रागात्मक रूपमा उपस्थित हुने गर्दछ । साहित्यले जुन मनोभावको अभिव्यक्ति दिएको हुन्छ, जसको साधारणीकरणले पाठकमा अनुभूति जाग्दछ त्यो नै रस हो । साहित्यबाट प्राप्त हुने अनुभव मानसिक सन्तुष्टि एवम् अलौकिकता रसप्रसङ्ग हुन् । साहित्यशास्त्री भरतमुनिले नाट्यशास्त्रमा रसोत्पत्तिलाई सूत्रबद्ध गरेका छन् ः विभावानुभावव्यभिचारिसंयोगात् रसनिष्पत्ति (अधिकारी, २०५६, पृ. २७) । यिनी रसउत्पन्न गर्नमा भूमिका खेल्ने रससामग्री हुन् । यस लेखमा रससामग्री ः विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव, रससूत्र एवम् रसप्रकारका सम्बन्धमा देखापरेका चिन्तन एवम् सिद्धान्तको अध्ययन गरिएको छ भने नेपाली साहित्यको कविता र नाटक विधा र गीतका क्षेत्रमा उत्पन्न रसको प्रयोगका सम्बन्धमा अनुसन्धान गरिएको छ ।

## समस्या

रसवाद भन्नाले के बुझिन्छ ? यसको मुख्य सिद्धान्त के हो ? यसका चिन्तनहरू के के हुन् ? साहित्यमा रसको उत्पत्ति कसरी हुन्छ ? नेपाली साहित्यमा रसको प्रयोग कसरी हुने गरेको छ ? भन्ने अनुसन्धानात्मक प्रश्नहरू नै यस लेखका समस्या हुन् । यिनै अनुसन्धेय प्रश्न एवम् समस्यामा यो अध्ययन केन्द्रित रहेको छ ।

## उद्देश्य

साहित्यमा रसको चिन्तन, उत्पत्ति र प्रयोगका सम्बन्धमा अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो । साहित्यमा रसचिन्तन, रसउत्पत्तिका सम्बन्धमा व्याख्या गर्नु र नेपाली साहित्यमा रसप्रयोगका सम्बन्धमा विश्लेषण गर्नु यस अध्ययनको विशिष्ट उद्देश्य हो ।

## औचित्य⁄महत्त्व

यो लेख रसवादमा देखिएका चिन्तनहरूका सम्बन्धमा विश्लेषण गरिएको महत्त्वपूर्ण सामग्री हो । यस लेखबाट साहित्य र रसको सामान्जस्यताका सम्बन्धमा स्पष्ट हुन सकिन्छ । साहित्य रसिक भएमा पठनयोग्य, आस्वद्य र अलौकिक आनन्दमय बन्दछ । रससामग्री, यसका सूत्र, रसउत्पत्ति र वर्तमान अवस्थामा प्रयोग हुँदै आएको स्थितिका सम्बन्धमा यस लेखमा अध्ययन गरिएकाले यसको महत्त्व बढी छ । रससिद्धान्त, रसचिन्तन, रसोत्पति, रसप्रयोगका सम्बन्धमा गरिएको यस अध्ययनले रसवादको आधारमा साहित्यको विश्लेषण गर्ने आधार बन्ने हुनाले यस अध्ययनको औचित्य/महत्त्व अत्यधिक रहेको छ ।

## सीमा

यो अध्ययन रसवादको चिन्तन, उत्पत्ति र प्रयोगका क्षेत्रमा मात्र सीमित रहेको छ। साहित्यमा यसको प्रयोगका सम्बन्धमा कविता र नाटक विधा एवम् गीतका सम्बन्धमा राष्ट्रिय गीत, आधुनिक गीत र लोकदोहोरी गीतमा प्रयुक्त रसका सम्बन्धमा मात्र अध्ययन गरिएको छ।

## अध्ययनविधि

यो लेख गुणात्मक प्रकृतिको छ। यसमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। उद्देश्यमूलक ढङ्गबाट नमुना छनोट गरी नेपाली साहित्यका कविता विधाबाट तीनवटा, नाटक विधाबाट तीनवटा र गीतका क्षेत्रबाट वेवसाइटका माध्यमबाट राष्ट्रिय गीत चारवटा, आधुनिक गीत चारवटा, लोकदोहोरी गीत चारवटा नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ। सङ्कलित तथ्याङ्कको वर्णनात्मक र विश्लेषणात्मक प्रक्रियाबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## विश्लेषण र परिणाम

रसवाद चिन्तन, उत्पत्ति र प्रयोग शीर्षकमा तयार पारिएको अनुसन्धानात्मक लेखमा रससिद्धान्त, रससूत्र, रसउत्पत्ति, रसप्रकार र नेपाली साहित्यमा रसप्रयोगलाई उपशीर्षकमा राखेर अध्ययन विश्लेषण गरिएको छ।

## रससिद्धान्त / रसचिन्तन

रस शब्द संस्कृतको रस् धातुबाट बनेको हो। रसलाई शास्त्र, विषय क्षेत्र र प्रसङ्ग अनुसार व्याख्या गरिन्छ। दर्शनशास्त्रमा रसलाई पदार्थ गुण, आयुर्वेदमा औषधीलाई अनिवार्य गुण, सामान्य भनाइमा रसिलो, उपनिषदमा ब्रहमा वा ब्रहमानन्द प्रतीक ईश्वर, साहित्यमा आस्वाद्य रसका रूपमा विवेचित हुन्छ। रसो वै सः भनेर उपनिषदले ईश्वरलाई रसका रूपमा लिएको छ (अधिकारी, २०५६, पृ. २७)। अनन्दको प्रतीक ईश्वर मानेर व्याख्या गरिएको रस साहित्यशास्त्रमा पनि महत्त्वपूर्ण मानिन्छ। रसको व्याख्या पूर्वीय साहित्यशास्त्रमा महत्त्वपूर्ण दृष्टिकोणकाट गरिएको छ। उत्कृष्ट साहित्यमा रस अनिवार्य हुनुपर्छ। प्रथम रस व्याख्याता आचार्य भरतमुनिले समेत नाट्शास्त्रमा रसोत्पत्तिका सम्बन्धमा विभावानुभावव्यभिचारिसंयोगात् रसनिष्पत्ति भनेका छन्। विश्वनाथले रसात्मक वाक्य भयो भने काव्य हुन्छ भनेका छन्। अग्निपुराणमा रस नै काव्यको प्राण हो भन्ने उल्लेख गरिएको छ। साहित्यसिद्धान्तमा रस आनन्द र रागात्मक अनुभूति मानिएको छ। रसवादी सिद्धान्तले साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिलाई रस मान्दछ। रसप्राप्तिको आरोपवाद, अनुमितिवाद, भुक्तिवाद, अभिव्यक्तिवाद, रससाधारणीकरण रससूत्र हुन्। यही सैद्धान्तिक आधारबाट काव्यमा रस देखापरेको हुन्छ। यस्ता रसार्थ, रतिप्रिति, दयाभाव, रिस डर घृणा, ज्ञानबर्द्धक शान्त प्रकृतिका हुन्छन् भन्नु नै रससिद्धान्तको व्याख्या गर्नु हो।

## रससामग्री

रसउत्पन्न गर्ने कारक वा उपकरण नै रससामग्री हुन्। विभावानुभावव्यभिचारिसंयोगात् रसनिष्पत्ति (अधिकारी, २०५६, पृ. २७)। विभाव, अनुभाव र व्यभिचारी भावबाट रस पैदा हुने हो। त्यसैले रसका साधनहरू भनेकै

चारवटा मानिन्छन् : विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव (भण्डारी र पौडेल, २०६५, पृ. १९) । यसरी विभाव : आलम्बन र उद्दीपन, अनुभाव संचारी भाव र स्थायी भावले रस उत्पन्न हुनुमा महत्त्वपूणर्ष भूमिका खेल्ने हुनाले यिनीहरू रससामग्री हुन् ।

**विभाव** : मनमा भावहरू जाग्नु विभाव हो । भावहरू उत्पन्न गर्ने अथवा बिउझाउने सामग्रीलाई विभाव भनिन्छ, यो दुई किसिमको हुन्छ : आलम्बन विभाव, यद्दीपन विभाव (अधिकारी, २०५६, पृ.२८) । साहित्यिक काव्यवस्तुका आधारमा वाचिक, कायिक र सात्विक माध्यमबाट विभाव उत्पन्न हुने गर्दछ ।

**आलम्बन विभाव** : वस्तु देखेर भाव उत्पन्न हुन्छ भने त्यो आलम्बन विभाव हो । काव्यवस्तुका मूल आधारमा रहेका चीजवस्तु तथा विषय घटना जस्ता वस्तुहरू आलम्बन विभाव हुन् । जुनवस्तु देखेर त्यससम्बन्धी भावहरू पैदा हुन्छ त्यसवस्तुलाई आलम्बन विभाव भनिन्छ (अधिकारी, २०५६, पृ. २८) । आलम्बन विभाव पनि विषयालम्बन र आश्रयालम्बनमा विभाजन हुने गर्दछ । विषय र घटनामा आधारित विषयालम्बन र भाव उत्पन्न हुने आधारमा आश्रयालम्बन विभाव हुन्छ ।

**उद्दीपन विभाव** : साहित्यिक रसलाई आस्वाद्य बनाउने काम उद्दीपन विभावले गर्दछ । खसलाई देखेर भावहरू उत्तेजित हुन्छन् । त्यो नै उद्दीपन विभाव हो । कुनै नारीको रूप गुण, कुनै स्थान बगैचा, फूल, पाखा जङ्गल आदि । यो पनि आफूमा उत्पन्न हुने र अरुमा उत्पन्न हुने आधारमा स्वकीय र परकीय भनेर विभाजित हुने गर्दछ ।

**अनुभाव** : अनुभव भइसकेपछि देखापर्ने चेष्टा वा कार्यहरू अनुभाव हुन् (अधिकारी, २०५६, पृ. २८) । स्थायी भावको अनुभव देखाउने तत्त्व नै अनुभाव हो शारीरिक र मानसिक विकार वा क्रिया प्रतिक्रियालाई अनुभाव भनिन्छ (भण्डारी र पौडेल, २०६५, पृ. १९) । साहित्यिक रसपानबाट आँखाकान रातो हुनु, दाँत कट्कटाउनु, मुठ्ठी बाध्नु अनुभावका उदाहरण हुन् ।

**व्यभिचारी वा सञ्चारी भाव** : सञ्चरण भइरहने छिनछिनमा बदलिने भाव व्यभिचारी भाव हो । मनका संवेगहरू जुन क्षणक्षणमा देखिने र विलाउने प्रवृत्तिका हुन्छन् तिनीहरूलाई व्यभिचारी वा सञ्चारी भाव मानिन्छ (अधिकारी, २०५६, पृ. २९) । स्थिर नहुने, डुल्ने भाव नै सञ्चारी भाव हो ।

**स्थायी भाव** : जुन भाव स्थायी रूपले रहने गर्दछ, त्यो भावलाई स्थायी भाव भनिन्छ । यस्ता भावले रसवाद र रागात्मकताको अनुभूति प्रदान गर्दछन् । साहित्यमा स्थायी भाव निश्चित संख्यामा हुने गर्दछ ।

## रससूत्र

रससूत्रमा रसमतलाई महत्त्वपूर्ण दृष्टिकोणबाट व्याख्या गरिन्छ यसैलाई रसनिष्पत्ति सिद्धान्त समेत भनिन्छ रससूत्रका प्रथम व्याख्याता भरत नै हुन् । रससूशका चारवटा सिद्धान्तहरू छन् :

### उत्पत्तिवाद/आरोपवाद

यसवादका व्याख्याता आचार्य भट्ट लोल्लट हुन् । यिनका अनुसार रसको उत्पत्ति मूल नायक नायिकामा हुन्छ । अनुकारक वा नाटकमा जुन पात्रको अभिनय हुने गर्दछ त्यसैमा रसको उत्पत्ति हुने गर्दछ । यसरी रस उत्पन्न

हुनमा विभाव, अनुभाव र व्यभिचारी भावको सम्लग्नता रहेको हुन्छ। कार्य कारणको सम्बन्ध भनेको उत्पाद्य उत्पादक वा पोष्य पोषकको सम्बन्ध हो। नट नटी जस्तै अनुकर्ताले अनुकरण गरेर दर्शकलाई देखाएपछि दर्शक वा पाठक अनुकारक सम्बन्ध अनुकार्यमा भएको रसलाई अनुकर्तामा आरोपित गर्दछ। यसैका माध्यमले नायक नायिकामा रस उत्पत्ति हुने गर्दछ। यो नै रस उत्पत्ति वा आरोपवाद हो।

## अनुमितिवाद

अनुमानमा आधारित रससूत्र हो यस सिद्धान्तका व्याख्याता आचार्य शङ्कुक हुन्। यिनका विचारमा रस अनुमात्य कुरा हो। जसरी पर्वतमा धुवा देखेर आगोको अनुमान गरिन्छ। चित्रको घोडा देखेरवास्तविक घोडाको अनुमान गरिन्छ। यसर्रा अनुमान ज्ञान गरेर नरनारी वा दर्शक पाठक रसबाट आनन्दित हुने गर्दछन्। यसले अनुमानका भरमा रसास्वादको कल्पना गरेको छ।

## भुक्तिवाद

यसमा भावकत्व र भोजकत्व रहने गर्दछ। भुक्तिवाद रससूत्रका व्याख्याता दशौं शताब्दीतिरका साङ्ख्य दर्शनका आचार्य भट्ट नायक हुन्। निष्पत्तिलाई भुक्ति वा भोग र संयोगलाई भोज्य भोजक अथवा भाव्य भावक सम्बन्ध हुने कुरालाई जोड दिएको छ। भावकत्वबाट विभावादि तत्त्वहरू र स्थायी भावको सामान्यीकरण तथा भोजकत्वबाट सामान्यीकरण भएर रसास्वादको भोग अथवा आत्मानुभूतिको व्याख्या गरेकाले भुक्तिवाद भनिएको हो। यसबाट पनि रसास्वा हुने कार्य हुन्छ। जुन भोग गरिन्छ त्यो नै रस हो भन्दै भावकत्वको उत्कर्षका क्रममा दर्शक वा पाठकका रजागुण र तपागुण भन्दा सत्वगुण बाँकी हुने गर्दछ। रसास्वादमा भोग वा आनन्दानुभूति भुक्तिवाद हो।

## अभिव्यक्तिवाद

यस रससूत्रका पर्वतक आचार्य अभिनव गुप्त हुन्। यिनी ध्वनिवादी सिद्धान्तका व्याख्याता पनि हुन्। यिनले आफ्नो अभिनव भारति भन्ने साहित्यशास्त्रीय ग्रन्थमा रसनिष्पत्तिको अर्थ अभिव्यक्ति वा संयोग हो भनेका छन्। दर्शक वा पाठकमा रसउत्पत्ति भई अभिव्यक्त हुन थाल्दछ। विभावादि कारण अव्यक्त अवस्था अथवा सुषुप्त अवस्था रहेका भावहरू अव्यक्त अवस्थामा रहेका अभिव्यक्तिहरू व्यक्त हुन पुग्दछन्। रस वास्तविक भोक्ता वा अनुभावक दर्शक वा पाठक नै हुन्। उनीहरूमा अभिव्यक्त हुनु नै रसनिष्पत्तिको स्थिति हो।

## रससाधारणीकरण

साहित्यमा जस्तो छ त्यस्तै अनुरूप पाठक वा दर्शकमा भाव देखापर्नु नै रससाधारणीकरण हो। रसास्वादन र रसानुभूतिका सन्दर्भमा साधारणीकरणको महत्त्वपूर्ण स्थान रहन्छ। साहित्य पढ्दा वा नाटक हेर्दा पात्रहरूका सुखमा सुखी रदुखमा दुखी हुने प्रक्रिया नै साधारणीकरण हो (अधिकारी, २०५६, पृ. ३३)। यस अर्थमा साधारणीकरण भनेको सीता आदि विशिष्ट व्यक्तित्वको सामान्य नारीमा उपस्थिति हुनु हो। अनुभूति सबैमा हुन्छ त्यसलाई साधारणीकरण गर्नसक्ने सादृष्य हुन्छ नाटकमा नाटकका भावसँग सामाजिक भावको साधारणीकरण हुन्छ। रससामग्री विभाव, अनुभाव, संचारीभाव र स्थायीभावको साधारणीकरण भएर दर्शक वा पाठकमा रसास्वाद हुन्छ।

## रसप्रकार

रस पूर्वीय साहित्यशास्त्रको महत्त्वपूर्ण सिद्धान्त हो । साहित्यमा रसका कति प्रकार देखापर्ने गर्दछन् भन्ने विषयमा पूर्वीय विद्वान आचार्यहरूबिच मतभेद रहेको छ । आचार्य भरतले साहित्यमा चार रस उल्लेख गरेका छन् : शृङ्गार, वीर, रौद्र, बीभत्स यसैमा हास्य, करुण, अद्भूत, भयानक सहायक रस हुन् । नाटककै सन्दर्भमा आचार्य विश्वनाथ नवरसको चर्चा गर्न पुग्छन् । रूपग्वास्वामी रसका दश प्रकार मान्दछन् । जसमा उनले भक्ति रस थपेका छन् । रसशास्त्रीहरूले मुख्यत : नौ रस मानेका छन् शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भूत र शान्त (अधिकारी, २०५६, पृ. ३७) रसशास्त्री एवम् साहित्यमा देखिएका रसका आधारमा रससंख्या नौ प्रकारका मानिन्छन् ।

**शृङ्गार रस** : प्रेम प्रसङ्गमा आधारित नायक नायिकाको अनुरागमा आधारित रस शृङ्गार रस हो । यसलाई रसशास्त्रीहरू रसराजको संज्ञा दिने गर्दछन् । प्रेम पनि संयोग र वियोगको हुने गर्दछ मिलनको समयको संयोग र विछोडको समयमा वियोग शृङ्गार रस देखापर्दछ ।

**संयोग शृङ्गार** : नायक नायिकाको प्रेमपूर्ण दर्शन, विलासको अवस्था संयोग शृङ्गार हो ।

आऊ प्रिये नगर बेर भनी मलाई  
राखेर काखबिच हात दुबै समाई ।

**विप्रलम्भ शृङ्गार** : नायक नायिकाको वियोग विछोडपूर्ण अवस्थाको वर्णन गरिएको शृङ्गार रस हो ।

पर्खें, शब्द सुने, बसे शयनमा लेँटें, उठें झोक्रिएँ  
हेरेँ मार्ग, घुमेँ चटक्क चुडिए फर्कें सुकेँ आत्तिएँ ।

**हास्य रस** : विकृत र विसङ्गतिबाट उत्पन्न हुने रस हास्य रस हो । यो शारीरिक, मानसिक र भाषिक हुने गर्दछ । हास्यासपद व्यक्तिका वस्तु, अरु हासेको देखेर उत्पन्न हुने रस हो ।

मेरा दुई छोरा छन् एउटा लड्डु, एउटा ढड्डु  
लड्डुलाई खुब खानुपर्छ, ढड्डुलाई खुब सुत्नुपर्छ ।

**करुण रस** : दयाभाव उत्पन्न भएर करुण रस जागृत हुन्छ । प्यारो वस्तुको विनास र अप्रिय वस्तुको प्राप्तिबाट करुण रस उत्पन्न हुन्छ । यसरसमा शोक पनि मिसिएको हुन्छ । यसमा वस्तु आलम्बन, तिनका गुण सम्झाउने गुण उद्दीपन विभाव हुन् भने रुने कराउने मुर्टा उन्मनद चिन्ता करुण रसका स्थायी भाव हुन् ।

गयौ बाबा मेरो ह्रदय टकुडा लौ न नि कहाँ ?  
उनै फिर्ता ल्याओ सुर नर तथा यक्ष मकहाँ ।

**वीर रस** : उत्साह वीर रसको स्थायी भाव हो । शत्रुको हाँकलाई सामना गर्न गरीबहरूको दुःख एवम् दुर्दशालाई हटाउन, धर्मकर्ममा प्रवृत्त हुन मनमा एक किसिमको उत्साह, फुर्ति जागेर आँउछ, यसैबाट वीर रसको उदय हुन्छ । युद्धवीर, दयावीर, दानवीर र धर्मवीरका बारेमा साहित्यमा वर्णन गरिएको हुन्छ ।

छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न
गर्दी घम्सान पर्दा पछितिर मुहडा हेर हाम्रो मुडिन्न ।

**रौद्र रस** : क्रोध स्थायी भाव भएको रस रौद्र रस हो । शत्रुहरूको आफूप्रति अपमानजनक एवम् अपराधपूर्ण क्रियाकलापलाई लिएर साहित्यमा वर्णन गरिएको अनिष्ट कार्यप्रति विरोध गरिरहेको अवस्थामा यो रस देखापर्दछ ।

कस्को पुत्र तँ होस् बता मकन रे जाबो पुरानो धनूँ
भाँच्दैमा अति गर्व भो तँ कन ता धेरै कुरा क्या भनूँ ।

**भयानक रस** : भयमुक्त परिस्थिति, डरलाग्दा चीज, कल्पना व्याकुलताबाट भयानक रस उत्पन्न हुन्छ । भयानक रसको स्थायी भाव भय हो । डरलाग्दो विषय, डरलाग्दो कार्य रस उत्पन्नका संकेत हुन् ।

महाकाल जस्तो महाँ त्यो भुजङ्ग
फुलेको छ हेर्दो छ त्यो टक्क चाल ।

**अद्‌भूत रस** : आश्चर्य स्थायी भाव भएको रस अद्‌भूत रस हो आश्चर्य लाग्दा चीजह, अनौठा गुणहरू उत्सुकता अद्‌भूत रस उत्पन्नका आधारहरू हुन् ।

मुख खोलीदिदा सब विश्व खुली
न त मट्टी मिली झलमल बली ।

**बीभत्स रस** : घृणित वस्तुलाई देखेर उत्पन्न हुने जुगुप्सा स्थायी भाव भएको बीभत्स रस नवरस मध्येको एक रस हो । यस रसमा दुर्गन्भित वस्तु घिनलाग्दो दृश्य आलम्बन भाव र आँखा चिम्लनु, मुख थुन्नु, ग्लानि, व्यभिचारी भाव हुन् ।

बध्य, विष्य, मुसल्य तँ
जा उन्मत्त विधर्मी तँ
जा भयङ्कर स्वप्न जा ।

शान्त रस : संसारको अनित्यता र नि : साप्ताको बोधबाट उत्पन्न हुने वैराग्यपूर्ण चित्रवृत्तिबाट शान्त रस उत्पत्ति हुन्छ । यसको स्थायी रस वैराग्य (निर्वेद) हो ।

छुति विद्वान् होस् वा मलिन कुलको मूर्ख अछुती
कुनै त्यागी होस् वा विषयरसरागी लखपति ।

**रसप्रयोग**

नेपाली साहित्यका कविता, नाटक विधा र गीतका क्षेत्रमा राष्ट्रिय, आधुनिक र लोकदोहोरी गीतमा रसको प्रयोग रसप्राप्तिका सम्बन्धमा यहाँ अध्ययन गरिएको छ।

**कविता विधा** : कवि शिरोमणि लेखनाथ पौड्यालको पिँजराको सुगा कवितामा शान्त रस केन्द्रीयतामा र करुण एवम् रौद्र रस छिटफूट रूपमा प्रयोग भएको छ।

खानु छ खाली तौली धान
त्यो पनि आधा पेट छ जान।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ज्वरशमना प्रकृति कवितामा अद्‌भूत रस र शान्त रसको संयुक्त रसप्राप्ति हुन्छ।

सहस्र कोटि सागरका मोती गीत गाए झरर
विफलताका हजार ज्वाला मारेर सरर।

कवि माधव घिमिरेको कालीकण्डकी कवितामा शान्त रसको प्रगोग भएको छ।

माछापुर्छे गिरि शिखरमा पारमा मुक्ति क्षेत्र
बल्छन् बत्ती झलमल जहाँ भुल्भुले मूलभित्र।

कविता विधामा एकल र संयुक्त रस प्रयोगको स्थिति रहेको छ। शान्त रस अधिकांश कवितामा पाइन्छ भने अन्य विषयवस्तु अनुरूप रस प्रयोग भएको हुन्छ। नवरस नै पाइने नेपाली कविता विधा रसविधानका दृष्टिले उत्कृष्ट हुन्छ।

**नाटक विधा** : नेपाली साहित्यको नाट्‌विधाका चर्चित नाटककार गोपालप्रसाद रिमालको यो प्रेम नाटकमा शृङ्गार, करुण र शान्त रस हुन्छ। प्रेम प्रसङ्ग, नायक नायिकाबिचको संवादले प्रेमका सम्बन्धमा संयोग र विप्रलम्भ शृङ्गार रस छ भने विषयवस्तु अनुरूप कारुणिक पक्षको समेत चित्रण गरिएको छ। प्रेम के हो ? प्रेमका सम्बन्धमा नारी पुरुषको भूमिका जस्ता पक्षले शान्त रस हुन्छ।

सरुभक्तको असमय अमौसम नाटकमा शृङ्गार, करुण र शान्त रस प्राप्त हुन्छ।

विजय मल्लद्वारा लिखित स्मृतिको पर्खाल नाटकमा शृङ्गार, करुण, भयानक र शान्त रसको प्रयोग भएको छ। नेपाली साहित्यको नाटक विधामा पनि नवरसको प्रयोग भएको हुन्छ तर अधिकांश नाटकमा शृङ्गार र शान्त रस नै हुन्छ।

**राष्ट्रिय गीत** : नेपाली भाषाका राष्ट्रिय गीतमा वीर रस र शान्त रस बढी प्रयोग भएको पाइन्छ। गाउँ छ गीत नेपाली, विहान उठ्नेबित्तिकै, नेपालीको छात्तीमा, गाउँ गाउँबाट उठ, जस्ता लोकप्रिय राष्ट्रिय गीतमा वीर रस र शान्त रस हुन्छ।

**आधुनिक गीत** : नेपाली भाषाका आधुनिक गीतमा नवरस पाइनुका साथै प्रचलित आधुनिक गीतमा शृङ्गार, करुण, हास्य, शान्त, रस प्रयोग भएको पाइन्छ। अञ्जु पन्तको तिमी खुसी भइनौ भने, सरिता अधिकारीको सिमलको भुवा झै उड्ने हो कि, कस्तुप पन्तको झुठो रैछ यो संसार, प्रमोद खरेलको जसलाई धेरै माया गर्थे जस्ता गीतहरूमा शृङ्गार, करुण र शान्त रस हुन्छ।

**लोकदोहोरी** : नेपाली भाषामा प्रचलित लोकदोहोरी गीतमा नवरस नै हुन्छ। मुख्यत : शृङ्गार, करुण, हास्य, वीर र शान्त रसको प्रयोग भएको छ : विष्णु माझीको सालको पात टपरी, बद्री पंगेनीको कान्छी ओइ कान्छी, रामजी परियारको रेलको भाडा, गोकर्ण आचार्यको बोलबोल खस भाषा बोल, केशव शर्माको जवानी चढेछ जस्ता लोकदोहोरी गीतमा शृङ्गार, करुण, वीर र शान्त रस पाइन्छ।

**निष्कर्ष**

साहित्य रस आस्वाद्यपन हो। साहित्य रसयुक्त हुन्छ। रसविहिन साहित्य प्रभावशाली र उत्कृष्ट बन्न सक्दैन। रस निष्पत्तिका विभाव, अनुभाव व्यभिचारी भाव र स्थायी भाव रससामग्री हुन्। व्यक्ति, परिवेश, परिस्थिति विभावादि हो भने जुन अनुभव हुनपुग्छ त्यो अनुभाव हो। स्थिर रूपमा रहने स्थायी भाव हो। यो हरेक रसमा रहने गर्दछ। रसउत्पत्तिका सूत्रहरू हुन्छन्। नायक नायिकाको प्रस्तुतिबाट रसोत्पत्ति हुनु उत्पत्तिवाद वा आरोपवाद हो। जुन अनुमित गरिन्छ वा अनुभव गरिन्छ रमाइलो नरमाइलो, सुखको दुःखको भयको घृणाको त्यो अनुमितिवाद हो। यसबाट रसोत्पत्ति हुने गर्दछ। दर्शक वा पाठकमा के अभिव्यक्त हुने गर्दछ यो अभिव्यक्तिवादबाट उत्पन्न रस हो जुन भोगिन्छ त्यो भुक्तिवाद हो। रसको सामान्जस्यता हुनु रससाधारणीकरण हो। अरुको दुःख आफ्नो दुःख नटनटीको सुख आफ्नो सुख नायक नायिकाको करुणावस्था आफूमा करुणा भाव जागृत हुनु रसको साधारणीकरण हो। रसका प्रकारका सम्बन्धमा आठ, नौ र दश भनेर रसशास्त्रीहरूबिच मतमतान्तर देखिएपनि साहित्यमा नवरस प्रचलित छ। नेपाली साहित्यका कविता र नाटक विधा र गीतका क्षेत्रमा समेत एकल रूपमा वा संयुक्त रूपमा रसप्रयोग पाइन्छ। कविताका क्षेत्रमा शृङ्गार, वीर, हास्य शान्त रस बढी प्रयोग भएको छ भने नाटकका क्षेत्रमा शृङ्गार, हास्य, भयानक शान्त रस एकल र संयुक्त रूपमा देखिने गर्दछ। राष्ट्रिय गीत वीर रस रशान्त रस मिश्रित, आधुनिक गीत शृङ्गार, करुण र शान्त रस मिश्रित र लोकदोहोरी गीत शृङ्गार, करुण, हास्य, शान्त रस केन्द्रित छन्। गीतका क्षेत्रमा एकल वा संयुक्त रूपमा रस प्रयोग भएको देखिन्छ। साहित्यले रसपान गराउने हुँदा साहित्यकारले कुन रसमा आधारित भएर कृति तयार पार्ने भन्ने कुराले समेत भूमिका खेल्दछ। दर्शक वा पाठकका लागि रसस्वादन गराउन साहित्यिक कृति रसयुक्त हुनु आवश्यक छ। नेपाली साहित्यिक विधा एवम् गीतक्षेत्र रसात्मक रूपले उर्वर छ थप रससंयोजनमा ध्यान दिदै कृति प्रकाशन र गीत सिर्जना हुँदै गए नेपाली साहित्य क्षेत्र रसका दृष्टिले सबल बन्दै जाने संकेत रहेको छ।

**सन्दर्भसामग्री**

अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय समालोचना सिद्धान्त.* काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३०). *साहित्य प्रकाश.* काठमाडौँ : साझा प्रकाशन ।

खनाल, पेशल (२०६७). *अनुसन्धान पद्धति.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय.* काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०४९). *केही नेपाली नाटक.* काठमाडौँ : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०६५). *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६५). *साहित्यशास्त्र र नेपाली समालोचना.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८). *नेपाली गद्य र नाटक.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०७०). *नेपाली कविता र काव्य.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मल्ल, विजय (२०४०). *नाटक एक चर्चा.* काठमाडौँ : नेराप्रप्र ।

रिमाल, गोपालप्रसाद (२०३७). *यो प्रेम.* काठमाडौँ : साझा प्रकाशन ।

सरुभक्त (२०५०). *गाउँघरका नाटकहरू.* काठमाडौँ : साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८). *साहित्य प्रदीप.* विराटनगर : पुस्तक संसार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली.* काठमाडौँ : साझा प्रकाशन ।